# फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

पत्र संख्या : २०७८/०७९  
च. नं.: ११३०

मिति : २०७८/१२/२०  
१ नं. प्रदेश, नेपाल

**विषय** : साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापनार्थ माग संकलन गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा चालू आर्थिक वर्षमा नेपाल सरकार, सशर्त अनुदान, चालू अन्तर्गत फालेलुङ गाउँपालिकाको लागि साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्नका लागि रु. ५ लाख विनियोजन भएकोले 'फालेलुङ गाउँपालिकाको साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन कार्यविधि, २०७८' तथा सो सम्बन्धी फालेलुङ गाउँ कार्यपालिकाको मिति : २०७८/१२/१६ को निर्णयका अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यविधिको अनुसूची १ को ढाँचामा यस कार्यालयमा माग पेश गर्न हुन लघु उद्यमीहरुलाई सूचित गरिन्छ ।

अनुसूची १ अनुसार माग गरेको निवेदनका साथमा उद्यमीहरुले साझा सुविधा केन्द्र माग गर्ने भनी गरेको बैठकको निर्णय समेत समावेश गर्नुपर्नेछ । यसरी माग गरिएको निवेदन र उद्यमीहरुको बैठकको निर्णयको बोधार्थ सम्बन्धित वडा कार्यालयमा पनि दिएको हुनुपर्छ ।

**देहायका आधारमा उद्यमी छनौट गरिनेछ ।**

(क) विगतको मेडेप परियोजना, नेपाल सरकार/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मेड्पा कार्यक्रम र स्थानीय तहको आर्थिक तथा प्राविधिक सहयोगमा सृजना भएका उद्यमीहरु ।

(ख) त्यसरी सृजना भएका उद्यमीहरुमध्ये आर्थिक अवस्था निकै कमजोर भएका, वित्तीय सेवामा पहुँच नभएका तर उद्यम व्यवस्थित तरीकाले गर्न ईच्छुक, आफ्नो निवास स्थानमा पर्याप्त उद्यम स्थापना गर्ने स्थान उपलब्ध नभएका र उपयुक्त प्रविधिको प्रयोग गर्न नसक्नुका कारणले कच्चा पदार्थको प्रशोधन, वस्तुको उत्पादन, कच्चा पदार्थ तथा उत्पादित वस्तुको भण्डारण र उत्पादित वस्तुको बिक्री वितरणका लागि असुविधा भएको साझा सुविधा केन्द्र (उद्यम घर) मा सामुहिक रुपमा उद्यम सञ्चालन गर्न ईच्छुक उद्यमीहरु |

(ग) समान प्रकृतिको व्यवसाय भएको, साझा सुविधा केन्द्र (उद्यम घर) निर्माण गर्न र यसको दिगोपनको लागि यस कार्यविधिको दफा १२ मा तोके अनुसारको रकम योगदान गरी मर्मत सम्भार कोष स्थापना गर्न ईच्छुक उद्यमीहरु ।

(घ) सकभर उद्यम दर्ता गरिसकेका उद्यमीहरु, यदि उद्यम दर्ता नभएको भए उद्योग दर्ता गर्न ईच्छुक उद्यमीहरु ।

(ङ) उद्यम घरमा सामुहिक वा व्यक्तिगत तरीकाले उद्यम-व्यवसाय सञ्चालन गर्न एउटै भूगोल वा क्षेत्रको र एउटै प्रकृतिको उद्यम भएको ३ देखि १० जना ईच्छुक उद्यमीहरु ।

(च) साझा सुविधा केन्द्र (उद्यम घर) मा उद्यम व्यवसाय गर्न ईच्छुक धेरै जना उद्यमीहरु भएमा पहिलो प्राथमिकतामा एकल महिला, दलित र जनजाति उद्यमीहरु ।

*थप जानकारीका लागि 'फालेलुङ गाउँपालिकाको साझा सुविधा केन्द्र (उद्यम घर) व्यवस्थापन कार्यविधि, २०७८' अध्ययन गर्नुहोला ।*

२०७८/१२/२०

**बिनोद कुमार चौहान**  
**प्रमुख प्रशासकीय अधिकृत**